मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, बिन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागदुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ ८ गते शुक्रबार ❑ 22 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## विपद व्यवस्थापनका लागि पूर्व तयारी र साझा सहकार्य आवश्यक छ: मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, ७ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नदी तथा ताल क्षेत्रमा हुन सक्ने सम्भावित दुर्घटना न्यूनीकरणका लागि समुदाय स्तरमा नियमित सचेतना र पूर्वतयारी अत्यावश्यक रहेको बताउनु भएको छ।

जिल्ला प्रशासन कार्यालय कास्की र सुरक्षा निकायहरूको संयुक्त आयोजनामा पोखराको फेवातालमा बिहीबार सम्पन्न कृत्रिम उद्धार अभ्यास कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश प्राकृतिक रुपमा जति सुन्दर र विपदका दृष्टिले पनि उत्तिकै जोखिमपूर्ण क्षेत्र रहेकोले त्यसको न्यूनिकरण र क्षति कम गर्न समुदाय स्तरमा नियमित सचेतना र पूर्वतयारी अत्यावश्यक रहेको उहाँले बताउनु भएको हो।

उहाँले भन्नुभयो, "विपद् आउने अबस्थामा मानवीय र भौतिक क्षति कम गर्न पूर्वसूचना प्रणाली, प्रभावकारी समन्वय र नियमित अभ्यासले महत्वपूर्ण भूमिका खेल्छा" मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले विपद् व्यवस्थापन र न्यूनीकरणका कार्यक्रमहरूलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै यहाँका तालहरूले पर्यटन र आर्थिक गतिविधिमा महत्वपूर्ण योगदान



पुऱ्याउने स्मरण गर्नुभयो । उहाँले पर्यटन क्षेत्रको सुरक्षा सुनिश्चित गर्न सुरक्षा निकायहरूको तत्परता र उद्धार क्षमतामा वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "गण्डकी प्रदेश प्राकृतिक रूपमा जति सुन्दर छ, भौगोलिक बनावटका कारण त्यति नै संवेदनशील पनि छ। विविध भूगोल, नदी र तालतलैयाका कारण यहाँ बर्सेनि बाढी, पहिरो, डुबान र हावाहुरीजस्ता प्राकृतिक प्रकोपको जोखिम बढ्दो छ।"

सम्भावित विपद्को समयमा उद्धार कार्यमा खटिने सुरक्षा निकाय र सरोकारवालाहरूको मनोबल उच्च बनाउन यस्ता कृत्रिम अभ्यास प्रभावकारी हुने मुख्यमन्त्री पाण्डेले बताउनु भयो। विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन पूर्व तयारी, प्रतिकार्य योजना, र वैज्ञानिक तथा व्यवहारिक उपायहरू लागू गर्नु आवश्यक भएको उहाँले जनाउनु भयो । यसबाट मानवीय र भौतिक क्षति न्यून गर्न सकिने उहाँले जनाउनु भयो। प्रदेश सरकारले ११ जिल्लाका विपद् उद्धार कोषमा १० लाख रुपैयाँ र प्रदेश विपद् कोषमा १० करोड रुपैयाँ सुनिश्चित गरी राहत र उद्धार कार्यलाई प्रभावकारी बनाउन कोष संचालन गरिरहेको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले मनसुनको पूर्वसन्ध्यामा पूर्वतयारी र सुरक्षा निकायबीच समन्वयको माध्यमबाट वास्तविक घटनाबाट हुने क्षति न्यूनिकरण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनु भयो । उहाँले फेवातालमा मापदण्ड पालना गरी डुंगा सञ्चालन गर्न व्यवसायीहरूलाई आग्रह गर्नुभयो । २०७२/०७३ देखि हालसम्म फेवातालबाट मात्र ६ सय जनाको उद्धार र ५० जना व्यक्तिको मृत्यु भएको प्रजिअ शर्माले दाबी गर्नु भयो । फेवातालमा मापदण्ड पालना गरी आवश्यक सुरक्षा अपनाउन डुंगा व्यवसयीहरुलाई उहाँले आग्रह गर्नु भयो । मापदण्ड पालन नगरी फेवातालमा डुंगा संचालन गरेको शर्माले जनाउनु भयो । पश्चिम पृतनापति उपरथी भोलानाथ थापा सहितका सुरक्षा निकायका प्रमुखहरुको सहभागिता रहेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनु भयो । विहिबार विहान फिस्टेल गेट, बसुन्धरा पार्क नजिक तथा रानीवनको अगाडी पट्टिको तालको भागमा मोटरवोटको वेगले गर्दा डुंगा पल्टीय पछि नमुना अभ्यास गरी केहीको उद्धार र एक जनाको ८० मिटर गहिराई बाट उद्धार गरिएको अभ्यासमा प्रस्तुतः गरिएको थियो।

## महालेखा परीक्षक कार्यालयको प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेस

पोखरापत्र संवाददाता
पोखरा, ७ जेठ

महालेखा परीक्षकको कार्यालयले गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट समक्ष वार्षिक प्रतिवेदन पेस गरेको छ।

महालेखा परीक्षकको कार्यालयका नायव महालेखापरीक्षक श्याम प्रसाद भण्डारीले बिहीबार आर्थिक वर्ष २०८१/८२ को आठौं वार्षिक प्रतिवेदन प्रदेश प्रमुख भट्ट समक्ष पेस गर्नुभएको हो। प्रतिवेदन ग्रहण गर्दै प्रदेश प्रमुख भट्टले आर्थिक अनुशासन नै सुशासनको जग रहेको बताउनुभयो । उहाँले राज्यका सबै क्षेत्रमा आर्थिक अनुशासन अपरिहार्य रहेकोमा जोड दिँदै बेरुजु बढ्नु सुशासनका लागि चुनौती रहेको उल्लेख गर्नुभयो।

'आर्थिक अनुशासन कायम गर्न राज्यका तीनै तह जिम्मेवार हुनुपर्छ। कर्मचारीहरू जवाफदेही बन्नुपर्दछ। सार्वजनिक सम्पतिको क्षतिको वर्तमान अवस्थामा मितव्ययितातर्फ पनि उत्तिकै ध्यान दिनुपर्नेछ ।' प्रदेश प्रमुख



भट्टले भन्नुभयो । उहाँले महालेखा परीक्षक कार्यालयले आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व कायम गराउन सशक्त भूमिका निर्वाह गरेकोमा प्रशंसा व्यक्त गर्नुभयो । सार्वजनिक सम्पत्तिको सदुपयोगमा सम्बन्धित निकायलाई थप सजग गराउने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो। नायव लेखामहापरीक्षक भण्डारीले वित्तीय प्रशासन र आर्थिक अनुशासनलाई सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले प्रदेश सभाको लेखा समितिमा प्रतिवेदन उपर समयमा नै छलफल गरी सम्बन्धित निकायहरूलाई आवश्यक निर्देशनको अपेक्षा पनि गर्नुभयो। कार्यक्रममा प्रदेश प्रमुखको कार्यालयका सचिव विजय रानालगायत सहभागी रहनुभएको थियो । प्रतिवेदनमा सरकारी निकायको खर्चमा वित्तीय अनुशासन कमजोर हुँदा बेरुजु वृद्धि भएकोसमेत औँल्याइएको छ । आर्थिक प्रशासन चुस्त, पारदर्शी र उत्तरदायी बनाउन प्रदेश सरकार तथा मातहतका निकायले सुधारात्मक कदम चाल्नुपर्नेमा जोड दिइएको छ । नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम संवैधानिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## फेवातालमा पौडी खेल्दा डुबेर एक युवाको ज्यान गयो

पोखरापत्र संवाददाता
पोखरा, ७ जेठ

पोखराको प्रसिद्ध पर्यटकीय स्थल फेवातालमा पौडी खेल्ने क्रममा डुबेर कास्कीका एक युवकको ज्यान गएको छ।

पोखरा महानगरपालिका-११, काहुँखोलाका करिब २७ वर्षीय रिवाज गुरुङ फेवातालमा पौडी खेल्दै गर्दा बेपत्ता भएका थिए । घटनाबारे खबर पाएपछि सशस्त्र प्रहरी बल नेपाल नम्बर २४ गण कालिका कास्कीबाट उद्धार टोली परिचालन गरिएको थियो । टोलीको नेतृत्व सशस्त्र प्रहरी सहायक निरीक्षक अमृत क्षेत्रीले गरेका थिए र उनीसँग १३ जना सदस्यको टोली थियो । टोलीमा विशेषज्ञ डाइभर र डिएम टिम पनि समावेश थिए।

उद्धार टोलीले रातभरै खोजी कार्य जारी राख्दा रिवाज गुरुङलाई अचेत अवस्थामा फेवातालबाट उद्धार गरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगिएको थियो । तर अस्पतालमा चिकित्सकहरूले जाँच गर्दा उनलाई मृत घोषणा गरेका थिए । सशस्त्र प्रहरीका अनुसार गर्मी बढेसँगै तालमा पौडी खेल्नेहरूको संख्या बढेको छ, तर पर्याप्त सावधानी नअपनाउँदा यस्ता दुखद घटनाहरू दोहोरिन थालेका छन्।

## पूर्णिमा छैटौँ पटक सगरमाथा शिखरमा

पोखरापत्र संवाददाता
गोरखा, ७ जेठ

सगरमाथा आरोही गोरखाकी पूर्णिमा श्रेष्ठ आफ्नै कीर्तिमान तोड्दै छैटौँ पटक सगरमाथा शिखरमा पुग्नुभएको छ।

'सतोरी एड्भेञ्चर'को टोलीसँगै उहाँ बुधबार सगरमाथा शिखरमा पुग्न सफल हुनुभएको हो।

श्रेष्ठले यसअघि दुई हप्तामा तीनपटक सगरमाथाको आरोहण गर्दै 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड'मा आफ्नो नाम दर्ज गराउनुभएको थियो।

श्रेष्ठले सन् २०२४ मे महिनामा एउटै याममा १३ दिनमा सर्वाधिक (३ पटक) विश्वको सर्वोच्च शिखर सगरमाथाको शिखरमा पाइला टेक्नुभएको थियो । श्रेष्ठले सन् २०२४ मे १२, मे १९ र मे २५ तारिखमा सगरमाथा आरोहण गर्नुभएको थियो । फोटो पत्रकारसमेत रहनुभएकी श्रेष्ठ गोरखाको आरुघाट गाउँपालिका आरुटार निवासी हुनुहुन्छ।



# सिप्लीकान खेतीलाई पोखराको नयाँ सम्भावनाका रूपमा विकास गर्ने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ

सिप्लीकान केवल एउटा वनस्पति मात्र नभई स्वास्थ्य, वातावरण, संस्कृति र अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको बहुउपयोगी प्राकृतिक सम्पत्ति भएको बताइएको छ।

पछिल्लो समय कृषिमा देखिएको बाँदर आतङ्क, उत्पादन लागत वृद्धि तथा परम्परागत खेतीप्रति घट्दो आकर्षणका बीच सिप्लीकान खेतीलाई वैकल्पिक तथा दीर्घकालीन समाधानका रूपमा अघि सार्न थालिएको छ।

पर्यटकीय राजधानी पोखरालाई सिप्लीकान खेतीको पकेट क्षेत्रका रूपमा विकास गर्ने उद्देश्यसहित पोखरा-३२ तल्लोगगनगौडास्थित ॐ कृषि फर्ममा सञ्चालित सिप्लीकान नर्सरी अहिले कृषक, अनुसन्धानकर्ता तथा कृषि विज्ञहरूको आकर्षणको केन्द्र बनेको छ । यसै क्रममा पोखरा महानगरपालिका कृषि कार्यालय तथा कृषि महाशाखाका प्रमुख मनहर कँडरिया र व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारीले संयुक्त रूपमा नर्सरीको अवलोकन गरेका छन् । अवलोकनका क्रममा उनीहरूले सिप्लीकान खेतीले बाँदर आतङ्कबाट पीडित कृषकलाई राहत दिन सक्ने विश्वास व्यक्त गरेका थिए । उहाँहरूका अनुसार



सिप्लीकान खेती व्यवसायिक रूपमा विस्तार गर्न सकिए कृषकको आयआर्जन वृद्धि हुनुका साथै वातावरण संरक्षण, प्राकृतिक जडीबुटी उत्पादन र ग्रामीण अर्थतन्त्र सुदृढीकरणमा समेत महत्वपूर्ण योगदान पुग्नेछ। महानगरपालिकाले निकट भविष्यमै सिप्लीकान व्यवसाय गर्न इच्छुक कृषकलाई प्रोत्साहन, तालिम तथा अवसर उपलब्ध गराउने तयारी गरिरहेको समेत जानकारी दिइएको छ।

विज्ञहरूले सिप्लीकानलाई केवल औषधीय वनस्पति मात्र नभई नवप्रवर्तनशील व्यवसाय, दिगो पर्यटन, उद्यमशीलता विकास, व्यवसाय योजना, बजार विस्तार तथा ब्रान्डिङसँग जोडिएको बहुआयामिक सम्भावना बोकेको वनस्पतिका रूपमा व्याख्या गरेका छन् । विशेषगरी पोखरामा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई सिप्लीकानबाट उत्पादन हुने साग, अचार, गुन्द्रुक लगायतका परिकार उपलब्ध गराउन सकिने सम्भावना रहेको बताइएको छ। यसबाट पोखराको कृषि पर्यटनलाई समेत नयाँ पहिचान दिन सकिने कृषि विज्ञहरूको भनाइ छ । ॐ कृषि फर्मका निर्देशक कविराज खनालले "राज्यले नचिनेको भए पनि माटो र प्रकृतिले चिनेको कृषक" भन्ने अवधारणालाई आत्मसात गर्दै बाँदर आतङ्कको समाधान, दिगो कृषि व्यवसाय तथा चार पुस्तासम्म टिक्ने कृषि उद्यम निर्माण गर्ने लक्ष्यसहित आफू लागिपरेको बताए । उनका अनुसार हाल नर्सरीमार्फत ४० हजारभन्दा बढी सिप्लीकानका बिरुवा उत्पादन तथा बिक्री-वितरण भइरहेको छ। कृषकहरूबाट बिरुवाप्रति उत्साहजनक चासो देखिएको उनले जानकारी दिए।

खनालले लेखनाथ क्षेत्रलाई च्यवन ऋषिको तपोभूमिका रूपमा परिचित गराउँदै यहाँ ४८ प्रकारका जडीबुटी पाइने भएकाले यस क्षेत्रलाई प्राकृतिक जडीबुटी संरक्षण तथा अनुसन्धानको केन्द्रका रूपमा विकास गर्न सकिने धारणा व्यक्त गरे। उनले विगत १० वर्षदेखि निरन्तर रूपमा जडीबुटी संरक्षण, संवर्द्धन तथा सिप्लीकान खेती विस्तारमा लागिरहेको बताए। उनका अनुसार सिप्लीकान खेतीले वातावरणीय सन्तुलन कायम राख्नुका साथै माटो संरक्षण, हरियाली प्रवर्द्धन तथा जैविक विविधता जोगाउन समेत महत्वपूर्ण भूमिका खेल्नेछ। रासायनिक विषादीको प्रयोग घटाउँदै अर्गानिक उत्पादनतर्फ कृषकलाई आकर्षित गर्न यो खेती प्रभावकारी बन्न सक्ने विश्वास गरिएको छ। फर्मले वातावरण संरक्षणसँगै आयआर्जन वृद्धि गर्ने उद्देश्यले सिप्लीकान खेती विस्तार अभियान सञ्चालन गरिरहेको जनाएको छ। इच्छुक कृषक तथा व्यवसायीलाई प्राविधिक सहयोग, बिरुवा तथा आवश्यक परामर्श उपलब्ध गराइने समेत फर्मले जनाएको छ। ॐ कृषि फर्मका अनुसार बाँदर आतङ्कका कारण परम्परागत खेती छाड्न बाध्य भएका कृषकका लागि सिप्लीकान खेती नयाँ आशाको आधार बन्न सक्नेछ।

# तिन महिना नदी तथा खानीजन्य सामाग्री उत्खनन्मा रोक

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ

कास्कीमा असार एक गते बाट नदी तथाखानी जन्य सामाग्री उत्खननमा रोक लगाइएको छ।

ढुंगा, गीटी, बालुवा उत्खनन्, बिक्रि तथा ब्यबस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ९ बमोजिम गठन भएको जिल्ला नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बुधबार सम्पन्न बैठकले मापदण्ड बमोजिम असार, साउन र भदौ तिन महिना उत्खनन् गर्ने नपाइने ब्यबस्था बमोजिम सो निर्णय गरिएको हो।

समितिका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा बसेको बैठकले निर्णयलाई कडाइका साथ कार्यान्वय गर्न प्रदेश, स्थानीय तह र नेपाल सरकारका सरोकारवाला निकायहरूलाई निर्देशन दिएको छ । नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा संकलन स्वीकृत मापदण्ड वातावरणीय प्रभाव मुल्याङ्कन प्रचलित कानुन बमोजिम मात्र गर्ने, अवैध उत्खनन, अवैध संकलन तथा अनाधिकृत ओसारपसार पूर्ण रुपमा नियन्त्रण गर्न गस्ती परिचालन गरी प्रहरीबाट नियन्त्रणमा लिइने प्रमुख पौडेलले बताउनुभयो। नदी खोला, वन क्षेत्र खेतीयोग्य जमिन विपद् जोखिम क्षेत्र वस्तीमा वातावरणीय विनास नहुने गरी मात्र उत्खनन कार्य व्यवस्थापन गर्ने, स्थानीय तहहरुले नदीजन्य वस्तुको उत्खनन समय विहान ८ बजे देखि वेलुका ६ बजेसम्म तोक्ने, समयको पालना नभएका क्षेत्रमा अनुगमन गरी



रोक लगाउने, उत्खननबाट प्राप्त राजश्व गुम्न नदिन वास्तविक कारोवार मुल्यमा विल विजक जारी हुने अवस्था सुनिश्चित गर्न कारोवार विना विलविजक जारी गर्न रोक लगाउने निर्णय भएका छन् । बैठकले पालिकाहरूले नदीजन्य खानीजन्य पदार्थको उत्खनन र संकलन गरिने क्षेत्र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको स्थान र क्षेत्रमा कार्ययोजना तयार गरी गाउँ र नगरपालिकाबाट स्वीकृत गरेर मात्र गर्न, तोकिएको क्षेत्रमा स्वीकृत परिणामभन्दा बढी उत्खनन र संकलन हुन नदिन स्वीकृत दिइएको क्षेत्रमा सम्बन्धित गाउँनगरपालिकाले अनुगमन गर्ने र उत्खनन तथा संकलनको अभिलेख भनेको छ।

उत्खनन संकलन वा ढुवानीकर्ताले ढुवानी गरेको परिणामको दैनिक अभिलेख र दैनिक पटके विक्री तथा ढुवानी अभिलेख राख्ने, फेवातालको जलाधार क्षेत्रबाट कानुन विपरित ढुंगा, वालुवा र अन्य प्रकारको माटो खन्ने, झिक्ने वा ओसार पसार गर्ने कार्य रोक्न लगाउन र कोही कसैले उक्त कार्य गरेमा कानुन बमोजिम कारबाही गर्न लेखी आएकोमा उल्लेखित कार्य पूर्ण रुपमा रोक लगाउने निर्णय भएको समितिका सदस्य सचिब तथा जिल्ला समन्वय अधिकारी नवराज बरालले जानकारी दिनुभयो।

ढुंगा, गिट्टी वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ (संशोधन सहित) को दफा ९ बमोजिम कानुनी व्यवस्था बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा संकलन कार्य २०८३ साल आषाढ एक १ गतेदेखी भाद्र मसान्तसम्म रोक लगाइएको हुँदा सर्वसाधारणलाइ सचेत र सुचित हुदै कहिँ कतै त्यस्ता नियम बिपरितका काम भएमा तत्काल समितिलाई जानकारी दिन भनिएको छ । स्थानीय तहले कानुन बमोजिम ठेक्का लगाइएका घाटहरुको तोकिएको म्याद समाप्त हुनुभन्दा अगावै उठाईसक्नुपर्नेछ। यदि म्यादभित्र नउठाएमा पालिकाले जफत गरी प्रचलित कानुन बमोजिम लिलाम विक्री गरी स्थानीय संचित कोषमा आम्दानी जनाउनुपर्ने उल्लेख गरिएको छ।

त्यसैगरी स्थानीय तहले कानुन बमोजिम ठेक्का लगाइएका घाटहरुको तोकिएको म्यादभित्रै उठाई अन्यत्र स्टक राखेकोमा म्याद भित्रै पालिकाले स्टक प्रमाणित गरी प्रमाणित गरेको स्टक विवरण अनिवार्य रुपमा जिल्ला अनुगमन समितिमा पठाउन भनिएको छ ।

# ७० वर्षमाथिका नागरिकका लागि वाकिङ फुटबल गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ


"स्वस्थ शरीर, सक्रिय जीवन र भाईचारा हाम्रो अभियान" भन्ने मूल नाराका साथ पोखरामा ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकहरूका लागि विशेष मैत्रीपूर्ण फुटबल प्रतियोगिता आयोजना हुन लागेको छ।

पोखरा महानगरपालिका वडा नं ५ वडा कार्यालयको प्रवर्द्धन तथा



जेष्ठ नागरिक मैत्रीपूर्ण फुटबल खेल समिति, पोखरा ५ को आयोजनामा आगामी जेठ ९ गते शनिबार बिहान ७ बजेदेखि बाराही माबिको खेल मैदान प्रतियोगिता हुन लागेको हो।

प्रचार प्रसार समितिका संयोजक बसन्तराज गौतमद्वारा जारी विज्ञप्ति अनुसार, जेष्ठ नागरिकहरूको सम्मान, स्वास्थ्य र सक्रिय जीवनलाई प्रवर्द्धन गर्ने उद्देश्यले यो "जेष्ठ नागरिक वाकिङ फुटबल खेल, मैत्रीपूर्ण कार्यक्रम २०८३" आयोजना गर्न लागिएको हो। "हिंड्दै खेलौं, मिलेर खेलौं, रमाएर बाँचौं" भन्ने मूल नारा बोकेको यस वडास्तरीय खेलकुद प्रतियोगिता पोखराको मालेपाटनमा सञ्चालन हुनेछ । बिहिबार गरिएको पत्रकार सम्मेलनमा जेष्ठ नागरिक वाकिङ फुटबल खेलका संयोजक डा. सरोज कोइरालाले नागरिकहरूलाई राज्यले दिने सम्मान र उनीहरूको स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले यो प्रतियोगिता आयोजना गर्न लागिएको बताउनु भयो । "हामीले वेबसाइटमा सर्च गर्दा संसारभर ७० वर्षमाथिका ज्येष्ठ नागरिकहरूको वर्ल्ड कप हुने रहेछ भन्ने थाहा पायौं, जसमा नेपालले अहिलेसम्म भाग लिएको छैन,"उहाँले भन्नुभयो, "त्यसैले नेपालमै पहिलो पटक यस्तो प्रतियोगिताको सुरुवात गरेर एउटा सकारात्मक सन्देश दिन खोजेका हौं ।" यो कार्यक्रम पूर्ण रूपमा गैर-राजनीतिक, नाफारहित र जनस्तरबाट स्वतःस्फूर्त रूपमा सुरु गरिएको डा. कोइरालाले स्पष्ट पार्नुभयो। कार्यक्रमका लागि कतैबाट चन्दा वा आर्थिक सहयोग मागिएको छैन र आयोजकहरू आफैंले रकम जुटाएर यसको व्यवस्थापन गरेका छौं । प्रतिकूल मौसम र अन्य प्राविधिक चुनौतीका बाबजुद हालसम्म ७० वर्ष उमेर पुगेका (वि.सं. २०१३ साल वा सोभन्दा अघि जन्मिएका) ७० जना पुरुष जेष्ठ नागरिकहरूले प्रतियोगिताका लागि नाम दर्ता गराइसकेका छन्। उमेर प्रमाणित गर्न नागरिकता वा छिमेकीहरूको सनाखतलाई आधार मानिएको छ।




# राष्ट्रिय टेबल टेनिस प्रतियोगिता जेठ १४ देखि

**रासस**
काठमाडौं, ७ जेठ

अखिल नेपाल टेबल टेनिस सङ्घको आयोजनामा ४२औं राष्ट्रिय टेबल टेनिस प्रतियोगिता यही जेठको १४ देखि १७ गतेसम्म हुने भएको छ।

उक्त प्रतियोगिताको खेल काठमाडौंको लैनचौरस्थित राष्ट्रिय टेबल टेनिस प्रशिक्षण केन्द्रमा सञ्चालन हुने बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजक समितिका महासचिव कुवेर प्रकाश सिंहले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा सातै प्रदेश तथा तीन विभागीय टोलीको सहभागिता रहनेछ । प्रतियोगितामा पुरुष टिम इभेन्ट्स, महिला टिम इभेन्ट्स, पुरुष सिङ्गल्स, महिला सिङ्गल्स, मेन्स डबल्स, लेडिज डबल्स, मिक्स्ड डबल्स, जुनियर ब्वाइज अन्डर १९, जुनियर गर्ल्स अन्डर १९, क्याडेट ब्वाइज अन्डर १५ तथा क्याडेट गर्ल्स अन्डर १५ गरी विभिन्न ११ विधामा प्रतिस्पर्धा हुने जनाइएको छ । टेबल टेनिस खेलको विकास तथा प्रवर्द्धनका लागि वार्षिक क्यालेन्डरअनुसार प्रतियोगिता आयोजना गरिएको सङ्घले जनाएको छ । करिब ३५ लाख रुपैयाँ खर्च लाग्ने उक्त प्रतियोगितामा ११६ खेलाडीको सहभागिता रहने आयोजकले जनाएको छ।

# महालेखा ...

निकायले प्रत्येक प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्ने संवैधानिक व्यवस्था छ।

लेखा परीक्षण ऐन, २०७५ को दफा १९ को उपदफा ४ मा महालेखापरीक्षकले वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्ने व्यवस्था छ । र, उपदफा ५ मा उक्त प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने उल्लेख छ । महालेखा परीक्षकको कार्यालयका अनुसार आ.व. २०८१/८२ मा गण्डकी प्रदेश मातहतका एक सय ५९ मन्त्रालय तथा निकाय र २१ समिति तथा अन्यसंस्थातर्फ कूल ४१ अर्ब ४५ करोड ८१ लाख ३२ हजारको लेखा परीक्षण गरिएको छ। यसमध्ये ५९ करोड ५० लाख १९ हजार बेरुजु पाइएको छ। यो आर्थिक वर्षसम्म अद्यावधिक वेरुजु २ अर्ब ८३ करोड ३८ लाख ९५ हजार रहेको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन् जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# सरकार गल्ती गर्दै ढाकछोप गर्दै

सरकारले सुकुमवासी बस्ती खाली गराएर ल्याए वतरिकाले का भूमिहीन नागरिकहरू अहिले कष्टकर अवस्थामा बाँचिरहेका छन् । सासंसदीय मितिसको टोली पुग्दा होल्डिङ सेन्टरमा बस्नेहरूले सांसदहरूलाई घेरेर आफ्नो दुःख पोखेका थिए । उनीहरूले एक सातादेखि एउटै लुगा लगाउनुपरेको, बालबालिकाहरू स्कुल जान नपाएको, खानाको गुणस्तर राम्रो नभएको, स्वच्छ पानी र पर्याप्त शौचालयको अभाव रहेको पीडा सुनाए । सरकारले शहरी गरिब र सुकुम्बासीप्रति देखाएको व्यवहारले गरिबको चमेली बोल्दिने कोही छैन भन्ने गितलाई सँम्झाईदिएको छ ।

यतिसम्म कि, खानेपानीको ट्यांकीमा ढल मिसिएको र सरसफाइ नहुँदा झाडापखाला, छालाजन्य रोग तथा श्वासप्रश्वासका समस्या बढ्दै जाने डर पनि सुकुमवासीमा देखिन्छ । दीर्घरोगीहरूको नियमित औषधि सकिएको महिनौं भयो । गर्भवती महिला, सुत्केरी, ज्येष्ठ नागरिक र बालबालिका स्वास्थ्य जोखिममा छन् । सबैभन्दा बढी मारमा बालबालिका परेका छन् । पुराना दलहरूलाई गाली गरेर सत्तामा पुगेको दलले गरेको व्यवहार आधुनिक समाजलाई सुहाउने छैन । समितिले प्रारम्भिक रिपोर्टमा उल्लेख गरेअनुसार, विस्थापनका कारण बालबालिकाको पढाइ पूरै बिग्रिएको छ । नजिकको विद्यालयमा भर्ना हुन सकेका छैनन् । दिनभर साँघुरो कोठाभित्र थुनिएर बस्नु परेको छ ।

कतिपय त परिवारका सदस्यहरू पनि छुट्टाछुट्टै ठाउँमा राखिएका छन् । कोही त्यहीँको होल्डिङ सेन्टरमा रहँदा कोही भने होटलमा रहेको गुनासो सुकुमवासीले समितिबाट गएका सांसदहरूलाई सुनाएका थिए । यसले पारिवारिक सम्बन्ध र मनोविज्ञानमा समेत नकारात्मक असर पारिरहेको प्रारम्भिक रिपोर्टमा उल्लेख छ । सरकारमा बस्नेहरु विवेकहीन र मानवीयता नभएपछि गरिब र सुकुम्बासीले भोग्नुपरेको अवस्थाले धेरैलाई घच्घच्याएको छ ।

सरकारी तथ्यांकअनुसार, २०८३ वैशाख १२ देखि २५ गतेसम्म २६१६ घरधुरीका ११ हजार एक जना सुकुमवासी विस्थापित भएका छन् । यीमध्ये ठूलो संख्यालाई विभिन्न होटल, आश्रम र तालिम केन्द्रहरूमा राखिएको छ भने इचङ्गुनारायण अपार्टमेन्टमा ९३ जना सारिएका छन् । दुई समितिको संयुक्त टोलीले यो अवस्थालाई मानवीय संकट भनेको छ । यिनै विषयमा बिहीबार सिंहदरबारमा दुवै समितिको संयुक्त बैठक बसेको थियो, जसमा प्रारम्भिक रिपोर्टमाथि छलफल चल्यो ।

छलफलमा अधिकांश सांसद्ले पानीको समस्यालाई मुख्य केन्द्रमा राखे । उक्त होल्डिङ सेन्टरमा रहेका सुकुमवासीले ढल मिसिएको पानी खाइरहेको अनुगमनको क्रममा देखेको बताए । त्यस्तै, अपार्टमेन्टको व्यवस्थापन कमजोर रहेको र विशेषगरी सुत्केरी, वृद्ध वा बालबालिकालाई निकै कठिन भएको उनीहरूको भनाइ छ । यहीबीचमा सरकारले सुकुमवासी परिवारलाई तत्काल एकमुष्ट २५ हजार रुपैयाँ दिने र परिवारअनुसार १५ हजार र सोभन्दा बढी रकम दिने घोषणा गरेको छ । उक्त राहतले नपुग्ने हुँदा सरकारले उचित क्षतिपूर्ति दिनुपर्ने माग सांसदहरूको छ । सरकारले क्षतिपूर्तिको नाममा झारा टार्ने र तत्काल आफ्नो कमजोरी छोप्ने ढालको रूपमा यसलाई प्रयोग गरेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कानुन पढ्नेलाई प्रोत्साहन गर्दै बागलुङ नगरपालिका

पोखरापत्र संवाददाता
बागलुङ, ७ जेठ

बागलुङ नगरपालिकाले कानुन विषय अध्ययन गर्ने विद्यार्थीलाई तीन वर्षदेखि प्रोत्साहन गर्दै आएको छ ।

कानुन शिक्षा प्रवर्द्धन गर्न नगरपालिकाले तीन वर्षदेखि वार्षिक २० जनाका दरले छात्रवृत्तिमा अध्यापन गराउँदै आएको छ । प्राविधिक तथा अन्य विषयलाई राज्यले समेत प्रोत्साहन गरिरहे पनि कानुन विषयलाई प्रोत्साहन नगरिएको र विद्यार्थीको रोजाइमा समेत नपर्ने गरेको भन्दै नगरपालिकाले यस्तो नीति अगाडि सारेको नगरउपप्रमुख राजु खड्काले जानकारी दिनुभयो ।

सबै वर्ग, तह र तप्काका व्यक्तिको न्यायमा सहज र सरल पहुँच स्थापित गर्न कानुनका विद्यार्थी उत्पादनका लागि नगरपालिकाले कक्षा ११ र १२ मा २० विद्यार्थीलाई कानुन विषय पढाउँदै आएको उहाँले बताउनुभयो । न्याय खोज्न अदालत मात्र जाने परिपाटीलाई हटाउन, स्थानीय तहको न्यायिक समितिप्रतिको पहुँच विस्तार गर्न सहयोग पुग्नेगरी त्यसरी अध्ययन गर्ने विद्यार्थीको सबै शुल्क नगरपालिकाले तिर्ने खड्काले बताउनुभयो । यहाँका २० जनाले कानुन विषयमा निःशुल्क अध्ययन गरिरहेका छन् भने कक्षा ११ मा थप १० जनालाई भर्नाका लागि आवेदन मागिएको छ । "न्यान सम्पादनमा कानुनी विज्ञता भएका व्यक्तिको अभाव, कानुनप्रति विद्यार्थीको आकर्षण नहुनुलाई मध्यनजर गर्दै कानुन विषयमा अध्ययन गर्ने विद्यार्थीलाई निःशुल्क पढाउने व्यवस्थाका लागि तेस्रो वर्षका लागि विद्यार्थीलाई आवेदन माग गरिएको हो", नगर उपप्रमुख खड्काले भन्नुभयो,"न्यायिक क्षेत्रको जनशक्ति उत्पादन मुख्य लक्ष्य हो । कानुनी ज्ञान अभावले धैरै जनताले दुःख पाइरहेको देखेर नगरपालिकाले विद्यार्थीलाई कानुन विषयमा आकर्षित गर्ने वातावरण तयार गरिएको छ ।" बागलुङमा कानुन विषय अध्यापन गराइरहेको एक मात्र आदर्श विद्यामन्दिर माध्यमिक विद्यालयसँग एक वर्षमा कक्षा ११ र १२ का विद्यार्थी गरी १०-१० जनाको सम्पूर्ण शुल्क व्यहोर्ने गरी सम्झौता भएको छ । यस कार्यक्रमले विपन्न, जेहेन्दार, सहिद, घाइते, बेपत्ता परिवार, अल्पसङ्ख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति र दलित समुदायलाई विशेष प्राथमिकता दिइएको छ ।

# दानासको पहिरो नियन्त्रण गर्न दुई करोड विनियोजन

रासस
म्याग्दी, ७ जेठ

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखरामार्फत म्याग्दी, मुस्ताङ र पर्वतमा चालु आर्थिक वर्ष २०८२/०८३ मा करिब रु १२ करोड लागतमा १७ आयोजना कार्यान्वयन भएका छन् ।

पर्वतमा तीन, म्याग्दीमा चार र मुस्ताङमा १० योजना निर्माणका लागि विभिन्न कम्पनीहरूसँग रु ११ करोड ९३ लाख ७३ हजार ७४३ मा ठेक्का सम्झौता भएको आयोजना कार्यालयले जनाएको छ । विसं २०८२ माघ, फागुन र चैत महिनामा ठेक्का सम्झौता भएका १७ वटै योजना चालु आर्थिक वर्षमै सम्पन्न गर्ने लक्ष्यसहित ठेक्का सम्झौता भएका आयोजनाका इन्जिनियर नरजङ्ग गुरुङले जानकारी दिनुभयो । "ठेक्का सम्झौता गरेका सबै योजनाका निर्माण व्यवसायी कार्यक्षेत्रमा परिचालित भएका छन्", उहाँले भन्नुभयो, "आगामी असार १९ गतेसम्म ठेक्काको म्याद भएका सबै योजना निर्माण कार्य धमाधम भइरहेको छ ।" म्याग्दीको रघुगङ्गा गाउँपालिका-४ दग्नामको पहिरो नियन्त्रण योजनाका लागि रु दुई करोड २५ लाख ६९ हजार ९२९ मा र बेनी नगरपालिका-७ मङ्गलाघाट बस्ती संरक्षण योजनाका लागि रु ९९ लाख १९ हजार २९५ मा ठेक्का सम्झौता भएको छ । अन्नपूर्ण गाउँपालिका-३ दानाको घट्टेखोला संरक्षण योजनाको रु ८७ लाख ४४ हजार ९८२ र अन्नपूर्ण-४ घराप बस्ती संरक्षण योजनाको रु एक करोड नौ लाख १६ हजार ७६० मा ठेक्का सम्झौता भएको छ । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-४ कागबेनीको बस्ती संरक्षण योजनाको रु एक करोड ९१ लाख ४३ हजार ६९९, थासाङ गाउँपालिका-२ लार्जुङखोला संरक्षणका लागि रु ७८ लाख ४४ हजार ९८२, लुप्रा गाउँ संरक्षण योजनाको रु २६ लाख ८२ हजार ४५ र तिरिगाउँ स्याउ बगैँचा संरक्षण योजनाको रु २५ लाख ९७ हजार १०३ मा ठेक्का सम्झौता भएको योजना कार्यालयले जनाएको छ । कार्यालयमार्फत मुस्ताङको घरपफोङ गाउँपालिकाको मार्फा, वारागुङ मुक्तिक्षेत्रको फल्याक, झोङ, ढाकारजुङ, झोङ-फल्याक, छुसाङ र झारकोट सिँचाइ योजना कार्यान्वयन भएका छन् । पर्वतको फलेवास नगरपालिका-३ लमायखोलामा बहुउद्देश्यीय तलाउ निर्माण गर्न रु ३२ लाख ३५ हजार ९३९, कुश्मा नगरपालिका-१० को उपल्लो बिर्ता माझीको खोला सिँचाइ योजना रु १५ लाख ५२ हजार ५७५ र जलजला गाउँपालिका-७ मिलनचोकमा लुइदीखोला संरक्षण योजनाको रु ९१ लाख ७८ हजार ९२० मा ठेक्का सम्झौता भएको छ ।

# साफ महिला च्याम्पियनसिपमा सहभागी हुने टोलीको बिदाइ

रासस
काठमाडौं, ७ जेठ

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) महिला च्याम्पियनसिपमा सहभागी हुने टोलीको बिहीबार बिदाइ गरिएको छ । भारतमा आयोजना हुने साफ महिला च्याम्पियनसिपमा खेलाडीसहित ३१ सदस्यीय नेपाली टोलीले सहभागिता जनाउनेछ ।

उक्त प्रतियोगितामा नेपाली राष्ट्रिय महिला फुटबल टोलीका २३ खेलाडी, व्यवस्थापक, मुख्य प्रशिक्षक, सहायक प्रशिक्षकसहितको टोली सहभागी हुनेछ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले साफ महिला च्याम्पियनसिपमा सहभागी हुन लागेको नेपाली राष्ट्रिय महिला फुटबल टोलीका खेलाडीलाई मन्त्रालयमा बिदाइ गर्नुभयो ।

सो अवसरमा मन्त्री पोखरेलले नेपाली महिला फुटबल टोलीले राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा हासिल गरेको उपलब्धि प्रशंसनीय रहेको बताउनुभयो । यही जेठ ११ देखि २४ गतेसम्म भारतको गोवामा साफ महिला च्याम्पियनसिप सञ्चालन हुनेछ ।

# स्याङ्जाका स्थानीय तहको आन्तरिक आय घट्दै

पोखरापत्र संवाददाता
स्याङ्जा, ७ जेठ

स्याङ्जा जिल्लाका अधिकांश स्थानीय तहको आन्तरिक आय घट्दै गएको छ । अघिल्लो वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा उनीहरुको आन्तरिक आय घट्दै गएको हो ।

पालिकाभित्र सञ्चालित आर्थिकजन्य गतिविधिबाट संकलित सेवा शुल्क र विभिन्न शिर्षकका राजस्वलाई स्थानीय तहले आन्तरिक आयको रुपमा गणना गर्दै आएका छन् । जिल्लाका ११ स्थानीय तहमध्ये ६ वटाको आम्दानी घटेको छ भने ५ वटाको आय बढेको देखिन्छ । महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार अघिल्लो आर्थिक वर्ष २०८०/८१ को तुलनामा पछिल्लो वर्ष २०८१/८२ को प्रतिवेदनमा स्थानीय तहको आय घट्दै गएको देखिएको हो । पछिल्ला वर्ष आन्तरिक आय घट्नुमा आर्थिक शिथिलता प्रमुख कारक रहेको स्थानीय तहले मानेका छन् । आर्थिक वर्ष २०८०/८१ मा २५ करोड २८ लाख २० हजार आम्दानी गर्न सफल स्थानीय तहले आर्थिक वर्ष २०८१/८२ मा २४ करोड ३४ लाख १५ हजार मात्रै आम्दानी गरेको महालेखापरीक्षको प्रतिवेदनमा उल्लेख गरिएको छ । ६ स्थानीय तहको तीन करोड १३ लाख १६ हजार आय घट्दा ५ स्थानीय तहको दुई करोड १९ लाख ११ हजार आय वृद्धि भएको छ । प्रतिवेदन अनुसार अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्ष स्थानीय तहको झण्डै ९४ लाख ५ हजार आय घट्न गएको छ ।

प्रतिवेदन अनुसार आय घट्ने स्थानीय तहतर्फ पुतलीबजार नगरपालिका, वालिङ नगरपालिका, चापाकोट नगरपालिका,भीरकोटनगरपालिका, फेदीखोला गाउँपालिका, आँधीखोला गाउँपालिका रहेका छन् । पछिल्लो वर्षमा आय वृद्धि गर्नेमध्ये गल्याङ नगरपालिका, कालीगण्डकी गाउँपालिका, बिरुवा गाउँपालिका, अर्जुनचौपारी गाउँपालिका र हरिनाश गाउँपालिका रहेका छन् ।

अघिल्लो वर्ष ७ करोड ८ लाख ९९ हजार आय गरेको पुतलीबजारले एक करोड ३३ लाख ५६ हजार घट्न जाँदा पछिल्लो वर्ष ५ लाख ७५ लाख ४३ हजार मात्रै आय गरेको छ । दुई करोड ७ लाख तीन हजार अघिल्लो वर्ष आय गरेको चापाकोटले पछिल्लो वर्ष ५५ लाख ९२ हजार घट्दा एक करोड ५१ लाख ११ हजार संकलन भएको महालेखापरिक्षकको प्रतिवेदनमा जनाइएको छ ।

त्यसैगरी भीरकोटको अघिल्लो वर्ष चार करोड ६० लाख ९८ हजार आय भएकोमा ३२ लाख १२ हजारले घटेर पछिल्लो वर्ष चार करोड २८ लाख ८६ हजार आय भएको प्रतिवेदनमा छ । प्रतिवेदन अनुसार चार करोड ८ लाख ६६ हजार अघिल्लो वर्ष आय गरेको वालिङले पछिल्लो वर्ष तीन करोड ९० लाख ११ हजार आय गर्दा झण्डै १८ लाख ५५ हजार घटेको उल्लेख गरिएको छ ।

अघिल्लो वर्ष दुई करोड १७ लाख ५७ हजार आय गरेको आँधीखोलाले पछिल्लो वर्ष एक करोड ६८ लाख १८ हजार आय हुँदा आँधीखोलाको ४९ लाख ३९ हजार आय घटेको छ । अघिल्लो वर्ष एक करोड तीन लाख १७ हजार आम्दानी गर्न सफल भएको फेदीखोलाको २३ लाख ६२ हजार घटेर पछिल्लो वर्ष ७९ लाख ५५ हजार मात्रै आय गर्न सफल भएको महालेखापरीक्षककोक कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कमा जनाइएको छ । आय वृद्धि गर्नेमा गल्याङ्ले अघिल्लो वर्ष एक करोड ४१ लाख २४ हजार आय गरेकोमा पछिल्लो वर्ष दुई करोड ३६ लाख ७२ हजार आय गरेको छ । अर्जुनचौपारीले पछिल्लो वर्ष एक करोड ४५ लाख ९ हजार आय गर्न सफल भएकोमा अघिल्लो वर्ष ७७ लाख १५ हजार मात्रै आय गरेको थियो भने हरिनाशले अघिल्लो वर्ष २७ लाख ६८ हजार आय गरेकोमा पछिल्लो वर्ष ६२ लाख ६७ हजार आम्दानी गर्न सफल भएको प्रतिवेदनमा उल्लेख छ । पछिल्लो वर्ष एक करोड १४ लाख ५९ हजार आय गरेको कालीगण्डकीले अघिल्लो वर्ष एक करोड १२ लाख ९५ हजार मात्रै आय गरेको थियो भने बिरुवाले अघिल्लो वर्ष ६२ लाख ७८ हजार आय गरेकोमा पछिल्लो वर्ष ८१ लाख ८४ हजार आय गर्न सफल भएको महालेखाले जनाएको छ ।

भुकम्प, कोभिड, युद्ध र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विगत लामो समयदेखि सृजित अन्यौलताले स्थानीय तहको आय घट्न गएको बताइएको छ । घरजग्गा कारोबार आएको मन्दी, बजारमा देखिएको शिथिलताले आयमा नकारात्मक प्रभाव परेको वालिङ नगरपालिकाको लेखा शाखाले जनाएको छ । स्थानीय तहको आय घट्दै जाँदा वर्षेनी प्रस्तावित सयौं योजनाहरु प्रभावित हुँदा नागरिकस्तरमा नैराश्यता बढ्दै गएको स्थानीय जनप्रतिनिधिको अनुभव छ ।

# प्रहरीचौकी स्थापना भएको तीन दशकपछि भवन

पोखरापत्र संवाददाता
म्याग्दी, ७ जेठ

म्याग्दीको बेनी नगरपालिका-४, राक्सेमा प्रहरी चौकी स्थापना भएको तीन दशकपछि भवन निर्माण भएको छ ।

सुविधायुक्त भवन निर्माण भएपछि प्रहरीचौकीको सेवा प्रवाह, कार्यालय सञ्चालन र सुरक्षाकर्मीहरूलाई आवास व्यवस्थापनमा सहज भएको छ । नवनिर्मित भवनको बिहिबार गण्डकी प्रदेश प्रहरी प्रमुख तथा प्रहरी नायव महानिरीक्षक दिपेन्द्र घर्ती क्षेत्रीले उद्घाटन गर्नुभयो ।

"पूर्वाधारले प्रहरी कर्मचारीहरूलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण बनेको छ," उहाँले भन्नुभयो "प्रविधिको प्रयोग गरि प्रहरी सेवाको गुणस्तर सुधारमा जोड दिएका छौ ।" बेनी नगरपालिका-४ का वडा अध्यक्ष भगवान खड्काका अनुसार वि.स. २०५० अघि स्थापना भएको सिंगा तातोपानी प्रहरी चौकीले तीन दशकपछि आफ्नै भवन पाएको हो । "विसं २०५० अघिनै सिंगामा स्थापना भएको प्रहरी चौकी हालसम्म भाडाको घरमा सञ्चालन हुदै आएको थियो", उहाँले भन्नुभयो "विसं २०६८ मा नेपाल सरकारको रु १० लाख ५० हजार र सिंगा तातोपानी कुण्डको रु चार लाख २५ हजारमा खरिद भएको दुई रोपनी जग्गामा गण्डकी प्रदेश सरकारले बजेट व्यवस्था गरेपछि भवन निर्माण सम्भव भएको हो ।" गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले भवन निर्माणका लागि वि.स. २०८१ असारमा रु. तीन करोड ५१ लाख सात सय २९ मा दिव्यज्योति निर्माण सेवासँग ठेक्का सम्झौता गरेको थियो । उद्घाटनका अवसरमा निर्माण कम्पनी, जग्गा खरिदमा सहयोग गर्ने तातोपानी कुण्ड, वडा कार्यालय र सहयोगदाताहरूलाई सम्मान गरिएको थियो । निर्माण कम्पनीले निर्धारित समय भित्रनै भवन निर्माण गरेको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रमुख प्रहरी नायव उपरीक्षक सुर्यबहादुर थापाले बताउनुभयो । भूकम्प प्रतिरोधी क्षमताको अपाङ्गमैत्री भवनमा कार्य प्रशासन शाखा, महिला, पुरुष थुनुवा कक्ष, सञ्चार कक्ष, भान्सा, ब्यारेक, शयनकक्षहरू छन् । यसअघि म्याग्दीमा जिल्ला प्रहरी, कालीपुल, भुरुङ-तातोपानी, मौवाफाँट र ताकम प्रहरी चौकीको आफ्नै भवन रहेका थिए ।

इलाका प्रहरी कार्यालय दरबाङ, घोडेपानी, बाबियाचौर, गलेश्वर, रत्नेचौर, मङ्गलाघाट, चिमखोला, तिप्ल्याङ, दाना, घार, पाखापानी, राखु भगवती प्रहरी चौकीको आफ्नै भवन छैन् । जग्गा प्राप्ति प्रहरी चौकीको भवन निर्माणका लागि मुख्य चुनौती बनेको प्रहरी महानिरीक्षक घर्तीक्षेत्रीले बताउनुभयो ।

# मार्किचोक सबस्टेसनमा प्राविधिक समस्या

पोखरापत्र संवाददाता
दमौली, ७ जेठ

तनहुँ का आँबुखैरेनी गाउँपालिका-२ मार्किचोकमा अवस्थित २२०/१३२/३३ केभी सबस्टेसनमा रहेको १३२/३३ केभी क्षमताको १२ एमभिए पावर ट्रान्सफर्मरमा प्राविधिक समस्या उत्पन्न हुँदा विद्युत् आपूर्ति अवरुद्ध भएको छ ।

नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रका अनुसार ट्रान्सफर्मरको अर्थिङ प्रणालीमा समस्या आई अत्यधिक करेन्ट प्रवाह भएपछि हिजो साँझ ५:३२ बजेदेखि लाइन अवरुद्ध भएको हो । उक्त सबस्टेसनबाट तनहुँको आँबुखैरेनी, गोरखा जिल्ला तथा मुग्लिन हुँदै चितवनका केही क्षेत्रमा विद्युत् आपूर्ति हुँदै आएको छ । समस्या समाधानका लागि पोखरा ग्रिड महाशाखाको प्राविधिक टोली खटिएको थियो । टोलीले राति १२:४५ बजे लाइन पुनः सञ्चालनमा ल्याए पनि फेरि अर्थिङ प्रणालीमै समस्या देखिएपछि बिहीबार बिहान ६:४७ बजे ट्रान्सफर्मर पुनः बन्द गरिएको तनहुँ वितरण केन्द्रका सूचना अधिकारी वेनी नेपालीले जानकारी दिनुभयो । उहाँका अनुसार वैकल्पिक लाइनमार्फत विद्युत् आपूर्ति सञ्चालन गर्ने प्रयास भइरहेको छ । साथै, ट्रान्सफर्मर मर्मत गर्न सकिने अवस्था भए मर्मत गर्ने, अन्यथा आवश्यक परे ट्रान्सफर्मर नै परिवर्तन गर्ने तयारी गरिएको छ । हाल पोखरा ग्रिडको प्राविधिक टोली मार्किचोक सबस्टेसनमै रहेर मर्मत तथा व्यवस्थापनको कार्य गरिरहेको छ ।

# जोमसोम-कागबेनी सडक स्तरोन्नति सुरु

पोखरापत्र संवाददाता
मुस्ताङ, ७ जेठ

कालिगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडक आयोजनाले उत्तर/दक्षिण जोड्ने कोरलाको जोमसोम-कागबेनी खण्डको स्तरोन्नति सुरु गरेको छ । आयोजनाले सालबसाली ठेक्का सम्झौता अनुसार करिव सात करोड लागतमा जोमसोम–कागबेनी नौ किलोमिटर सडकखण्डको स्तरोन्नति सुरु गरेको हो ।

राष्ट्रिय गौरवको कोरला सडक आयोजनाअन्तर्गत विसं २०७६ अघि निर्माण सम्पन्न भइसकेको (जोमसोम-कोरला) खण्डअर्न्तगत पहिलो खण्डको जोमसोम-कागबेनी कालोपत्र सडक वर्षा, पहिरोलगायत कारणले भएका संरचनामा आंशिक क्षति भएपछि स्तरोन्नति थालिएको हो । उक्त सडकको केही स्थानमा गतवर्षको साउन महिनामा सडक भाँसिएको, कतिपय स्थानमा सडक संरक्षणका लागि ड्रेन र सडक बाललगायत पूर्वाधार तयार नहुँदा संरचनामा क्षति पुगेको आयोजना कार्यालयले जनाएको छ । कोरला सडक आयोजनाका प्रमुख तेजस्वी शर्माका अनुसार कोरला नाका र मुक्तिनाथ जोड्ने जोमसोम-कागबेनी सडक स्तरोन्नतिका लागि करिब रु सात करोड लागतमा ठेक्का भई सडक स्तरोन्नति सुरु भएको जानकारी दिनुभयो । कोरला जोड्ने सडकलाई दीर्घकालीन बनाउन जोमसोम-कागबेनी कालोपत्र सडकको संरक्षण तथा स्तरोन्नतिका लागि ठेक्का सम्झौता भई काम अघि बढिसकेको उहाँले बताउनुभयो । आयोजना प्रमुख शर्माका अनुसार जोमसोम-कागबेनी सडक स्तरोन्नतिका लागि कालिमाता–थापाकाजी–रसुवा जेभी कन्ट्रक्सनले ठेक्का सम्झौता गरेको छ । चालु आर्थिक वर्षको वैशाखमा ठेक्का सम्झौता भएको जोमसोम–कागबेनी सडक स्तरोन्नति जेठको पहिलो हप्तादेखि सुरु गरिएको निर्माण कम्पनीका स्थलगत इञ्चार्ज सिताराम थापाले जानकारी दिनुभयो । चार महिनाको सम्झौता अवधि रहेको उक्त सडक स्तरोन्नति भदौ १५ गतेसम्ममा सम्पन्न गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो । कागबेनीबाटख सडक स्तरोन्नतिको काम सुरु गरिएको उहाँको भनाइ छ । जोमसोम-कागबेनीअन्तर्गत नौ किलोमिटर दूरीमा एक हजार ८०० घनमिटर ग्याविन वाल, तीन हजार ५०० घनमिटर मेसिनरी वाल, २०० घनमिटर प्लम्प कङ्क्रिट, ९०० घनमिटर आरसिसी ढलानलगायत कार्य गरिने आयोजना कार्यालयले जनाएको छ । जोमसोमबाट माथि एक किलोमिटर दूरीमा वर्षाका कारण सडक भाँसिएर क्षति भएकाले उक्त स्थानमा सडक संरक्षणका लागि ग्याविन वाल लगाउने कार्य गरिने छ । जोमसोम-कागबेनी खण्डको पान्डाखोला पुलको उत्तरतर्फ पुलसँगै आरसिसी ढलान गरिने छ । साथै सडकको ड्रेन र प्रोट्रेक्सन वाल नभएका स्थानमा ड्रेन निर्माण र मेसिनरी वाल लगाइने स्थलगत इञ्चार्ज थापाले जानकारी दिनुभयो ।

# हिंसापीडित महिलाका लागि प्रभावकारी बन्दै 'अल्पकालीन सेवा केन्द्र'

पोखरापत्र संवाददाता
वालिङ, ७ जेठ

हिंसापीडित महिलाका लागि स्याङ्जामा सञ्चालनमा ल्याइएको अल्पकालीन सेवा केन्द्र प्रभावकारी बन्दै गएको छ । जिल्लाभित्र कुनै पनि हिंसामा परेका महिलाका लागि उद्धार, राहत तथा पुनःस्थापना गर्ने उद्देश्यसहित अल्पकालीन सेवा केन्द्र स्थापना गरी सञ्चालन गरिएको हो ।

गण्डकी प्रदेश सरकारअन्तर्गत एकीकृत सेवा कार्यालय स्याङ्जाद्वारा पुतलीबजार नगरपालिकाको संयोजकत्व, जिल्लाका ११ वटै स्थानीय तहको सहयोग तथा साझेदारीमा केन्द्र सञ्चालनमा ल्याइएको एकीकृत सेवा कार्यालयका प्रमुख जीवन पौडेलले रासससलाई जानकारी दिनुभयो । सेवा केन्द्रमा लैंगिक हिंसामा परेका महिला, पारिवारिक झैझमेला, हिंसा तथा बाटोमा बेवारिसे अवस्थामा भेटिएकालाई परिवार तथा समाजमा पुनःमिलन नगराउँदासम्मको अवधिमा आश्रय दिएर राख्ने गरिएको उहाँले बताउनुभयो ।

केन्द्रमा हालसम्म २२ जनाले सेवा लिइसकेका जनाउँदै प्रमुख पौडेलले तीमध्ये १५ जना लैङ्गिक हिंसाअन्तर्गत बलात्कार एवं जबरजस्तीकरणीमा परेका महिला रहेका उल्लेख गर्नुभयो । उहाँका अनुसार पाँच जना पारिवारिक हिंसामा परेका र दुई जना बाटोमा बेवारिसे अवस्थामा भेटिएका महिला छन् । "विशेषगरी हिंसामा परेका पीडित महिलालाई तत्काल राहत र संरक्षणका लागि सेवा केन्द्रको काम प्रभावकारी बन्दै गएको छ", उहाँले भन्नुभयो, "निशुल्क खाना, खाजा, हेरचाह, बसोबास, कानुनी सहायता, मनोपरामर्शलगायत सेवा दिने गरिएको छ ।" उहाँका अनुसार प्रदेश अस्पताल स्याङ्जामा रहेको एकद्वार सङ्कट व्यवस्थापन प्रणालीबाट स्वास्थ्य उपचारसहितका विभिन्न सेवा प्रदान गर्ने गरिँदै आइएको छ ।

अल्पकालीन सेवा केन्द्रले हिंसामा परेका महिलालाई संरक्षण गर्ने र सम्भावित दुर्घटना हुन नदिनका लागि प्रभावकारी भूमिका निर्वाह गरिरहेको पुतलीबजार नगरपालिकाका उपप्रमुख एवं अल्पकालीन सेवा केन्द्रकी संयोजक देवी अर्यालले बताउनुभयो ।

अल्पकालीन सेवा केन्द्रको काम प्रभावकारी भए पनि कतिपयलाई यसका बारेमा जानकारी नहुँदा सेवाको पहुँच पुग्न नसकेको उहाँको भनाइ छ । "हिंसामा परेका महिलालाई तत्काल उद्धार गरी अल्पकालीन केन्द्रमा ल्याएर आश्रय दिनुका साथै उहाँहरूलाई पुनःसमाजमा स्थापित गराउँछौँ", उपप्रमुख अर्यालले भन्नुभयो, "हिंसामा परेका बेला आत्मबल कमजोर हुन सक्छ, घरमा वा समाजमा बस्न नसक्ने अवस्था आउन सक्छ, त्यतिबेला हामीले यहाँ राखेर मनोपरामर्श दिने, घटनाका बारेमा बुझेर न्यायका लागि आवश्यक पहल गर्ने काम गर्दै आएका छौँ ।"

# धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ३५ दिने सूचना

**प्रकाशित मिति २०८३/०२/०८**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कास्की पोखरा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले आफ्नो उद्योग/व्यापार, व्यवसाय संचालन गर्न लिनु भएको ऋणको यस संस्थासंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, व्याज, हर्जना व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं प्रथम पटक मिति २०८१ कात्तिक ५ गते समाधान राष्ट्रिय दैनिक पत्रिका एवं २०८२ चैत्र ०८ गते आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने ऋण चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई संस्थासंग गरेको ऋण सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको विनियम, ऋण नीति २०८२ तथा ऋण असुली नीति २०८२ ले दिएको अधिकार तथा संस्थाको नियमानुसार अधिकार प्रयोग गरी बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ३६ औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, संचालक, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न, धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै ऋण असुलीको कारवाही अन्तर्गत ऋणी, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखि यथाशिघ्र ऋण भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत हार्दिक अनुरोध गर्दछौं ।

## तपसिल

| सि.नं | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण | धितो विवरण |
|---|---|---|---|---|---|
| १. |  | **१. नामः पोष्ट राज घिमिरे**<br>जन्म मितिः २०४४/०३/२७, वर्षः ३९<br>ना.प्र.नं. २०१०५४।३०५८।३४२<br>जारी मितिः २०६६/०४/३२,<br>जि.प्र.का. सिन्धुली<br>बाबुः कोमल बहादुर घिमिरे<br>बाजेः मुकुन्द प्रसाद घिमिरे<br>ठेगानाः साविक सिन्धुली, कमलामाई-१७<br>हालः पोखरा-१७, बिरौटा |  | **१. नामः बन्दना दर्लामी**<br>ना.प्र.नं.४३१००५।१११६५५,<br>जारी मितिः २०६५/०९/०९, जि.प्र.का. तनहुँ<br>बाबु/पतिः नुन बहादुर दर्लामी/पोष्ट राज घिमिरे<br>बाजे/ससुराः टिका बहादुर दर्लामी/ कोमल बहादुर घिमिरे<br>ठेगानाः साविक काहुँशिवपुर-०६, तनहुँ<br>हालः पोखरा-१७, विरौटा | श्री पोष्ट राज घिमिरेको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला छिनेडांडा, वडा नं ०६, स्थित कित्ता नं ८९४८ को क्षेत्रफल ०-७-१-०/२३०.५२ वर्ग मिटर घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण । |
| २. |  | **२. नामः सुकर्ण सापकोटा**<br>जन्म मितिः २०५५/०७/१८, वर्षः २७<br>ना.प्र.नं.४६-०१-७१-०७३४६,<br>जारी मितिः २०७१/०७/२७, जि.प्र.का. कास्की<br>बाबुः ऋषीराम सापकोटा<br>बाजेः डिल्लु प्रसाद सापकोटा<br>ठेगानाः साविक पोखरा-०९, कास्की<br>हाल : पोखरा-१०, बुद्ध चोक |  | **१. नामः ऋषिराम सापकोटा**<br>जन्म मितिः २०११/०९/०४, बर्षः७१<br>ना.प्र.नं.५३५१३,<br>जारी मितिः २०५४/०२/१३<br>जि.प्र.का. कास्की<br>बाबुः डिल्लु प्रसाद सापकोटा<br>बाजेः बसन्त राम सापकोटा<br>ठेगानाः साविक पोखरा-०९, कास्की<br>हालः पोखरा -१०, बुद्ध चोक | श्री भीमा देवी सापकोटा र सुवाणी सापकोटाको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा न.पा. वडा नं १५ स्थित कित्ता नं १३० को कुल क्षेत्रफल ४५९.१० वर्ग मि. जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण । |
| | | |  | **२. नामः सुवाणी सापकोटा**<br>जन्म मितिः २०५३/०७/१८, बर्ष :२९<br>ना.प्र.नं.४६-०१-७०-०११२७<br>जारि मितिः २०७०/०२/०६, जि.प्र.का. कास्की<br>बाबुः ऋषिराम सापकोटा<br>बाजेः डिल्लु प्रसाद सापकोटा<br>ठेगानाः साविक पोखरा-०९, कास्की<br>हालः पोखरा -१०, बुद्ध चोक | |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धि अन्य शर्त बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समय भित्र रु १,०००/- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन दिउँसो ठिक ०१:३० बजे सम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफूले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस संस्थाको नाममा खिचिएको चेक/डाफ्ट/नगद जम्मा भौचर नथ्थी शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आपसि सहमतिमा गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम विक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्तबुझदो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफूमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने पुँजिगत लाभकर बाहेक नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयम खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।
१४. ऋण रकम तथा ऋणसँग सम्बन्धित अन्य सम्पुर्ण विवरण आवश्यक परेमा संस्थाको ऋण शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।

पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

| बोलपत्र पेश गर्ने | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८३/०३/११ गते सम्म<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.,<br>(पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः विहान १०:०० देखि बेलुका ०४:०० सम्म | मितिः २०८३/०३/१२ गते<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.,<br>(पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः ०१:३० दिउँसो |

## कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१३, कास्की, फोन नं. ०६१-५३५७९५, ०६१-५२६९८८, ०६१-५३०५६७